# सर्वोच्च अदालतबाट जारी प्रेस विज्ञप्ती

आज मिति २०७६ चैत्र २१ गते बसेको सर्वोच्च अदालतको पूर्ण बैठकबाट देहायबमोजिम निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

१. नेपालमा कोरोना भाइरस (कोभिड– १९) संक्रमणको रोकथाम, नियन्त्रण र उपचारमा सहयोग पुऱ्याउने उद्देश्यकासाथ नेपाल सरकारले स्थापना गरेको कोरोना संक्रमण, रोकथाम, नियन्त्रण र उपचार कोषमा सम्माननीय प्रधान न्यायाधीश लगायत सर्वोच्च अदालतका सबै माननीय न्यायाधीशहरुको मासिक पारिश्रमिकको पचास प्रतिशत (पन्ध्र दिनको तलब) रकम सहयोगस्वरुप उपलब्ध गराउने।

साथै, मातहत अदालतहरु तथा न्यायाधिकरणहरुमा कार्यरत माननीय न्यायाधीशहरुबाट सहयोगस्वरुप सो कोषमा उपयुक्त रकम उपलब्ध गराउने ब्यवस्थाको लागि सम्बन्धित अदालत तथा न्यायाधिकरणहरुमा लेखी पठाउने।

२. विपद्को यस विषम परिस्थितिमा सेवाग्राही, अदालतका जनशक्ति, कानून व्यवसायी तथा अदालतमा आउने अन्य सरोकारवालाहरुको स्वाथ्य सुरक्षा र रोग संक्रमणको जोखम न्यूनीकरण गर्न अदालतका काम कारवाही तथा सेवा प्रवाहको व्यवस्थापन लगायतका विषयमा मिति २०७६।१२।०७ गते बसेको आकस्मिक पूर्ण वैठकबाट विभिन्न निर्णयहरु भएकोमा नेपाल सरकारबाट कोरोनाको संक्रमण, रोकथाम र निर्मूल गर्ने सम्बन्धमा मिति २०७६।१२।१० मा बन्दाबन्दी (Lockdown) लगायत जारी भएका विभिन्न आदेशहरुबाट सिर्जित परिस्थिति अनुरुपको व्यवस्थापनका लागि मिति २०७६।१२।१२ मा बसेको आकस्मिक पूर्ण वैठकले यस अवधिमा अदालतहरुबाट सम्पादन हुने गरी तोकिएका कार्यहरुमा पुनरावलोकन गरिसकेको हुँदा सोही अनुरुपको काम कारवाहीहरुलाई निरन्तरता दिने।

साथै, नेपाल सरकारको मिति २०७६ चैत्र १६ को निर्णयबाट लकडाउनको अवधिलाई यही चैत्र २५ गतेसम्म निरन्तरता दिएको अवस्था हुँदा अदालतहरुबाट प्रदान गरिने सेवाको प्रभावकारी ब्यवस्थापन गर्न लाग्ने समय समेतलाई बिचार गरी पूर्ण वैठकको उपरोक्त मितिका निर्णय बमोजिम अदालतका काम कारवाही र सेवा प्रवाह सम्बन्धमा गरिएको यस प्रकारको व्यवस्थापनको अवधिलाई चैत्र २८ गतेसम्म निरन्तरता दिने।

३. मिति २०७६ चैत्र ७ गते पछिको हालसम्मको अवधिको अदालतहरुको कार्य सम्पादनको समीक्षा गर्दा सम्बन्धित अदालतको क्षेत्राधिकार अन्तर्गत तोकिएका कार्यहरुमध्ये प्रायः सबै प्रकृतिका कार्यहरु सम्पादन भएको र खासगरी, मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा १५५ बमोजिमको निवेदन तथा बालसुधार गृहमा रहेका बालबालिका जिम्मा लिने सम्बन्धी निवेदन र त्यसउपर हुने कारवाहीको चाँप अत्यधिक रहेको देखियो। उपरोक्त बमोजिम सुविधाको लागि व्यक्तिहरु निवेदन लिई स्वयम् उपस्थित हुँदा

कतिपय अदालतहरुमा कर्मचारी र सेवाग्राहीहरुको अत्यधिक भिडभाड हुन गई स्वास्थ्य जोखिमको स्थिति रहेको जानकारीहरु समेत आउने गरेको अवस्थाको सम्वोधनको लागि सम्बन्धित अदालतहरुमा बिद्युतीय माध्यम (सर्वोच्च अदालतको हकमा mudda.mahashakha@supremecourt.gov.np र अन्य अदालतको हकमा सर्वोच्च अदालतको गृह पृष्ठबाट प्रवेश गरी माथिल्लो भागको दायाँपट्टी रहेको **अदालत छान्नुहोस** ट्याबमा क्लिक गरी सम्बन्धित अदालतको गृह पृष्ठमा प्रवेश गरी तल्लो भागको बायाँपट्टी रहेको इमेल ठेगाना पहिचान गरी) मार्फत त्यसप्रकारका निवेदन लिन र विद्युतीय माध्यमबाटै सम्बन्धित व्यक्ति वा कानून व्यवसायीलाई पठाउन सकिने गरी आवश्यक प्रबन्ध गर्ने गराउने। यस अवधिमा कार्य सम्पादन गर्ने गरी पूर्ण वैठकबाट तोकिएका अन्य विषयका काम कारवाहीहरु समेत सकेसम्म विद्युतीय माध्यम वा टेलिफोन मार्फत गर्न गराउन सकिने गरी व्यवस्थापन गर्ने। यस अनुरुपको व्यवस्थापनका लागि प्रहरी प्रधान कार्यालय, महान्यायाधिवक्ताको कार्यालय तथा नेपाल बार एशोसिएशन तथा सर्वोच्च अदालत बार एशोसिएशनलाई समेत जानकारी गराई आवश्यक समन्वय गर्ने।

४. मिति २०७६ चैत्र ७ र १२ गतेको पूर्ण बैठकको निर्णय बमोजिम यस अवधिमा तोकिएको पेशी, तारिख र अन्य काम कारावाही लगायतको व्यवस्थापनका बारेमा नेपाल वार एशोसिएशन र सर्वोच्च अदालत वार एशोसिएशन लगायतका संयन्त्रहरुमार्फत सम्बन्धित व्यक्ति वा निकायसम्म सूसुचित हुने प्रबन्ध मिलाउने।

५. विश्वभर महामारीको रुपमा फैलिएको यस प्रकारको बिपद्को पूर्ण नियन्त्रणको आँकलन अहिले नै गर्न सकिने अवस्था नरहेको र अदालतका काम कारवाहीको स्थगन तथा सेवा प्रवाह वन्दको अवधिपश्चात अदालतहरुमा पर्न जाने कार्यको चाँप एवम् सेवाग्राहीहरुको अत्यधिक उपस्थितिका कारण हुनसक्ने भिडभाडको व्यवस्थापन लगायत विपद्को अवधिपछि अवलम्वन गर्नुपर्ने रणननीतिहरु तयार गरी सबै तहका अदालतमा कार्यान्वयनमा ल्याउन मुख्य रजिस्ट्रारको संयोजकत्वमा रजिस्ट्रार (प्रशासन हेर्ने), मुद्दा तथा रिट महाशाखा हेर्ने सहरस्ट्रिारहरु, उच्च अदालत पाटनका रजिस्ट्रार, काठमाण्डौ जिल्ला अदालतका श्रेस्तेदार सदस्य र सर्वोच्च अदालतको प्रशासन महाशाखा हेर्ने सहरजिस्ट्रार सदस्य सचिव रहेको कार्यदल गठन गरी कार्य गर्ने।

२०७६।१२।२१

देवेन्द्र ढकाल

सह प्रवक्ता

मिति : २०७६।१२।२१